नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 1 Monthly International Edition of Herald of His Coming January 2021

वर्ष २२, अङ्क १ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (माघ, २०७७)

परमेश्वरको क्रोध

The Wrath of God

By Arthur W. Pink

March/April Issue 2020

वास्तवमा धेरै ख्रीष्टियनहरूले परमेश्वरको क्रोधलाई हामीले माफी मागेर उहाँको शान्त बनाउन सकिन्छ भन्ने सोचाई छ । धेरै मानिसलाई परमेश्वरको क्रोधको बारेमा धेरै बोल्न पनि चाहादैनन । परमेश्वरको क्रोधलाई हामी उहाँको नजिक गएर पश्चाताप हृदयले मात्र शान्त पार्न सकिन्छ । परमेश्वरको क्रोधलाई हलुका लिनेहरूलाई उहाँको आशिषलाई पनि त्यती धेरै महत्वको दिन सकेका हुँदैनन् । अरूले जस्तो बोल्छन् त्यस्तै पछि लागेर सत्य र यथार्थता के हो थाहा नगरि मानिसले बोलको शब्दको पछि लागेका हुन्छन् । त्यसैले यस्ता परमेश्वरको क्रोधलाई साधारण सम्झने व्यक्तिलाई हामीले आफूदेखी टाढा राख्नुपर्छ ।

परमेश्वरले सत्य लुकाउनुहुन्छ

हो, यस संसारमा धेरै मानिसहरू छन्, जो परमेश्वरको क्रोधबाट टाढा थिए कि उनीहरू ईश्वरीय शक्ति देखी टाढा हुनेले क्रोधको दाग लागेको हुन सक्छ । तर धर्मशास्त्रले भन्दछ कि, जब हामी उहाँतिर फर्कन्छौं, तब हामी थाहा पाउँदछौकि, परमेश्वरको क्रोधको बारेमा हामीले थाहा पाउँदछौ । किनकि परमेश्वरले कुनै पनि सत्य कुरा लुकाउनु हुँदैन । बदला लिने काम उहाँको हो भन्ने कुरा लुकाउनु हुँदैन । उहाँ जो हुनुहुन्छ, उहाँ नै हुनुहुन्छ । बाईबलमा यसरी लेखिएको छ, “अब हेर म उही हुँ म बाहेक अरू कोही ईशवर छैन । म नै मार्दछु, र म नै जीवित पार्दछु । म नै चोट लाउँदछ र मनै निको पार्दछु र कसैले मेरो हातबाट छुटाउन सक्दैन । म आफ्नो हात स्वर्ग तिर उठाएर यो घोषणा गर्दछु । म सधैको लागि जिए झै । जब म आफ्नो चम्कने तरबारमा शान लगाउदछु र मेरो हातले इन्साफमा यो पक्रन्छ तब म मेरो विरोधीहरूमाथी वदला लिनेछु र मलाई तिरस्कार गर्नेहरूलाई साटो फेर्नेछु ।” (व्यवस्था ३२ : २९, ४१) फेरि अर्को ठाउँमा पनि यसरी लेखिएको छ “ परमेश्वर निष्पक्ष न्यायधीश हुनुहुन्छ, जुन परमेश्वरले प्रतिदिन आफ्नो क्रोध व्यक्त गर्नुहुन्छ ।” (भजनसंग्रह ६ : ११) यो अध्ययनले थाहा हुन्छ कि, परमेश्वरको क्रोधबारे धर्मशास्त्रमा धेरै ठाउँमा उल्लेखित गरिएको छ र उहाँको कोमलताको बारेमा पनि उत्तिकै उल्लेख गरिएको छ ।

अब परमेश्वरको क्रोधको सम्बन्धमा ईश्वरीय पूर्णता जत्तिकै उहाँको विश्वास, शक्ति र कृपा पनि हो । किनकि उहाँमा कुनै दोष छैन परमेश्वरको चरित्रमा कुनै खोट पनि होइन तर क्रोध उहाँबाट नहुने हो भने, पाप प्रति वेवास्ता गर्नु नैतिक दोष हो र जसले यसलाई घृणा गर्छ । बाइबलले यसरी भन्दछ, “यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख्न पतन भएकाहरूमाथि कडा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि कटिने छौ ।” (रोमी ११: २२) यसलाई मानिसहरू स्विकार गर्न मन पराउँदैन । मानिसहरूलाई प्यारो र खुसी पार्ने व्यक्ति कसरी अशुद्ध र घृणित कुरालाई घृणा नगर्ने हुन सक्छ ?

यस अंकका सामग्रीहरू Monthly International Edition of Herald of His Coming **बाट जस्ताको तस्तै अनुवाद गरिएको छ - सं.**

परमेश्वरको स्वभावले नरकलाई वास्तविक आवश्यकताको रूप बनाउँछ । स्वर्ग जतिकै आवश्यक छ सदाको लागि त्यतिकै यसको आवश्यकता हुन्छ । परमेश्वरमा कुनै किसिमको अपूर्णता छैन । अपूर्णता र अशिद्धता छैन । उहाँ पूर्ण र शिद्ध हुनुहुन्छ । उहाँभन्दा बढी अरू कोहि पनि सिद्ध छैन ।

सबै अधर्मलाई परमेश्वरले अनन्तदेखि अनन्तसम्म घृणा गर्नुहुन्छ । यसमा नै उहाँ क्रोधित हुनुहुन्छ । परमेश्वर खराबको विरुद्धमा र पापको विरुद्धमा क्रोध गर्नुहुन्छ । सधैं भरि क्रियाशील हुनु परमेश्वरको पवित्रता हो । कुकर्मीहरू सजाय दिनको लागि उहाँ गतिशिल हुनुहुन्छ । परमेश्वरले सरकारको विरुद्ध विद्रोह गर्नेहरूलाई पनि याद गर्नुहुन्छ । तिनीहरूले पनि यो कुरा याद गर्नुपर्छ कि जिवित परमेश्वर हुनुहुन्छ । जसले आफ्नो छिमेकीलाई घृणा गर्छ । त्यसले आफ्नो देशलाई पनि घृणा गर्छ जसले परमेश्वरको क्रोधलाई तुच्छ ठान्छ यो कति डरलाग्दो कुरो हो । यो एक दोषपूर्ण बदला लिइएको हो । यसको खातिर मानिसको विरुद्धमा बदला लिएको होइन तर परमेश्वरको विरुद्धमा नै बदला लिइएको हो । देशलाई घृणा गर्ने मानिसलाई परमेश्वरले पनि घृणा गर्नुहुन्छ ।

ईश्वरीय क्रोध परमेश्वरको पूर्णता मध्येको एक हो । यो कुरा माथिको विचारहरूबाट मात्र स्पष्ट हुदैन तर उहाँको वचनमा स्पष्ट रूपमा घोषणा गरिएको छ । " परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ । जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन् ।" (रोमी १: १८) रोबर्ट हल्डाले यस पदलाई निम्न अनुसार टिप्पणी गर्दछन् :

जब मृत्युदण्डको सजाय सुनाइएको थियो, तब पृथ्वी श्रापीत भयो र मानिस पृथ्वीमा खसालीयो । त्यसपछि जलप्रलय जस्ता सजायहरू र मैदान, मानिस पृथ्वीमा खसालीयो । त्यसपछि जलप्रलय जस्ता सजायहरू र मैदान, सहर ध्वस्त पार्ने सजायहरू भयो जुन चाहि संसार भरिको मृत्यु थियो । यो श्रापमा घोषणा गरिएको थियो । हरेक अपराधको बारेमा भनिएको थियो । जसको लागि मानव बलिदानको आवश्यकता थियो जुन कुरा पञ्च पुस्तकमा उल्लेख गरिएको छ । रोमीको पुस्तकको आठौ अध्यायमा पावलले विश्वासीहरूको ध्यानलाई यसरी आफूतिर खिच्दछन् र भन्दछन् कि सारा सृष्टि व्यर्थको अधिनमा परेको छ र पिडाले समाहित भएको छ । त्यो सृष्टि परमेश्वर हुनुहुन्छ भनेर घोषणा गर्दछ । यसले यो पनि प्रमाणित गर्दछ कि उहाँ पापको सत्रु हुनुहुन्छ र मानिसहरूको अपराधको बदला लिनुहुन्छ । तर सबैभन्दा महहत्वपूर्ण कुरा त परमेश्वरको क्रोध स्वर्गबाट प्रकट भएको थियो । जब परमेश्वरको पुत्र इश्वरीय चरित्र प्रकट गर्न आउनुभयो र त्यो क्रोध उहाँको कष्ट र मृत्युमा देखा पऱ्यो तब परमेश्वरका सबै मुकुट भन्दा यो डरलाग्दो थियो । पापको विरुद्ध कोधित हुनु भन्दा पहिल्यै दुष्टको अनन्त सजाय पहिल्यैको भन्दा अझ र स्पष्ट रूपमा घोषित गरिएको छ । नयाँ प्रबन्ध अन्तर्गत स्वर्गबाट दुई ओटा प्रकाशहरू दिइएका छन् एउटा क्रोध र अर्को अनुग्रह ।

फेरि परमेश्वरको क्रोध ईश्वरीय पूर्णता हो भनेर हामीले भजन संग्रह ९५ : ११ मा पनि स्पष्ट लेखेको पाउँदछौ "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाँए । मेरो विश्राममा तिनीहरू कहिल्यै पस्ने छैनन् ।" परमेश्वरले दुई किसिमका प्रतिज्ञा गर्नुभएको छ, एउटा "परमप्रभु भन्नुहुन्छ, मैले आफ्नै नाउँमा शपथ खाएको छु कि, तैले यो काम गरेकाले र तेरो छोरो अर्थात तेरो एउटै छोरालाई पनि म बाट नरोकेको कारणले निश्चय नै म तँलाई आशिष दिनेछु ।" व्यवस्था १ : ३४ मा पनि उहाँले आफ्नो क्रोधको बारेमा बोल्नु भएको छ । सुरुमा उहाँले आफ्ना छोराछोरीलाई दयाको प्रतिज्ञा गर्नुहुन्छ तर पछि पछि गएर उनीहरू गनगन गरेको कारण क्रोधको प्रतिज्ञा गर्नुहुन्छ, धेरै गनगन गरेको कारण यो दुष्ट पुस्तालाई परमेश्वरको राज्यको उत्तराधिकारवाट वन्चित गर्ने शपथ खानुहुन्छ । उहाँको शपथको पुष्टिको लागि हिब्रू ६ : १६ लिन सक्छौ "मानिसहरू आफूभन्दा ठूलाको नाउमा सपथ खान्छन् र तिनीहरूको हरेक वादविवाद सपथ बाटै पक्का गरिन्छ ।" उत्पत्ती २२ को १६ मा परमेश्वर भन्नुहुन्छ "म आफैले कसम खाएको छु" भजनसंग्रह ८९ : ३५ मा उहाँ भन्नुहुन्छ "एक पटक मैले मेरो पवित्रतामा कसम खाएको छु' "मैले सदाकालको निम्ति आफ्नो पवित्रताको यो शपथ खाएको छ - भनी दाउदलाई म ढाँट्ने छैन" परमेश्वरले भजनसंग्रह ९५ :११ मा आफ्नो क्रोधमा सपथ खाएको छु भन्नु भएको छ । त्यसैले महान परमेश्वर आफैले पनि आफ्नो क्रोधलाई आफ्नो पवित्रता बराबरको पूर्णताको रूपमा विन्ति गर्नुहुन्छ । उहाँ पवित्रतामा कसम

खानु हुन्छ खीष्टमा पनि शरिरका सम्पूर्ण गुणहरू शरिरमा नै सिमित हुन्छन् । खीष्ट येशूमा पनि शारीरिक गुण पूर्ण रूपमा सम्पन्न भएको थियो । (कलस्सी २ : ९) सबै ईश्वरीय पूर्णताहरू उहाँद्वारा स्पष्ट रूपमा प्रदर्शित हुन्छन् - " परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन पिताको साथमा हुनुहुने एकमात्र पुत्रले उहाँलाई प्रकट गर्नु भएको छ । (यूहन्ना १:१८) त्यसकारण हामी परमेश्वरका पुत्रलाई थुमा भनेर पनि सम्बोधन गर्न सक्छौ (प्रकाश ६ : १६)

परमेश्वरको क्रोधमाथि प्रतिबिम्बित गर्नुको महत्व

परमेश्वरको क्रोध ईश्वरीय चरित्रको पूर्णता हो । जसमाथी हामीले बारम्बार मनन गर्नुपर्ने हुन्छ । सर्व प्रथम हाम्रो हृदयलाई परमेश्वरलाई मन पर्ने प्रकारको बनाउनुपर्छ । पापबाट टाढा राख्नु पर्छ । हामीले जहिले पनि पापलाई हलुका प्रकारले लिनु हुँदैन । यसलाई सधै हामी घृणा गर्नु पर्छ, तर हामीले बाइबल जति धेरै अध्ययन गर्दछौ त्यति नै धेरै परमेश्वरले हामीलाई पापलाई घृणा गर्न मद्दत गर्नुहुन्छ । जति हामी पापको जटिलतालाई महसुस गर्दछौ त्यति नै उहाँले हामीलाई उपायहरू पनि दिनुहुन्छ । बाइबलमा यसरी लेखिएको "यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं । त्यसैले हामी भक्ती र भयसाथ परमेश्वरलाई ग्रहण हुने आराधना चढाऔं । किनभने हाम्रा परमेश्वर भष्म पार्ने आगो हुनुहुन्छ ।" (हिब्रू १२ : २८ - २९) उहाँको महिमाको उचित श्रद्धा र उहाँको धार्मिक क्रोधको ईश्वरीय भय नभएसम्म हामी उहाँलाई ग्रहण योग्य सेवा गर्न सक्दैनौ । हामीले सधैं सुनेका छौ कि हाम्रो परमेश्वर आगो हुनुहुन्छ र भष्म पार्ने हुनुहुन्छ । फेरि हामी उहाँको वचन नयाँ करारमा पाउँदछौ कि, आउन लागेको आगोको क्रोधबाट छुटकारा दिने परमेश्वर हुनुहुन्छ । "अनि स्वर्गबाट आउनु हुने उहाँका पुत्र जसलाई उहाँले मृतकबाट उठाउनुभयो, उहाँकै प्रतिक्षा तिमीहरू गर्दछौ, अर्थात येशूको जसले आउन लागेको क्रोधबाट हामीलाई छुटकारा दिनुहुन्छ ।" (१ थिस्लोनिकी १ : १०)

परमेश्वरको क्रोधमा मनन गर्न हामीले कुनै किसिमको हिचकिचबाट गर्नु हुँदैन । उहाँले हाम्रो हृदयलाई जान्नुहुन्छ । वास्तवमा हामी उहाँमा रमाएका हुँदैनौ, उहाँ हामीमा रमाउनुहुन्छ । उहाँ सधै हामीमा वास गर्नुहुन्छ र सदासर्वदा हामीमा वास गर्नु हुने परमेश्वर सधै हामीमा रमाउनु भएको हुन्छ । हामी सबैले आफ्नो आफ्नो प्रार्थनामा परमेश्वरको विचारको प्रतिविचार गर्न देखी होशियार गर्नुपर्छ । प्रभुले गुनासो गरेको हामीले पाउँदछौ कि "सर्वशक्तिमान परमेश्वर परमप्रभु बोल्नुहुन्छ र सूर्योदयदेखि सूर्य अस्तसम्म पृथ्वीलाई बोलाउनु हुन्छ । सौदर्यमा सिद्ध सियोनबाट परमेश्वर प्रकाशमान हुनुभएको छ ।" (भजनसंग्रह ५० : १ - २) "तँले यी सब काम गरेको छस र म चुप लागे, तैले सोचिस म सर्वथा तँ जस्तै छु । तर म तलाई हप्काउने छु र तेरै मुखको अगि तेरो दोष देखाउने छु ।" (भजनसंग्रह ५० : २१)

परमेश्वरको न्याय उहाँको क्रोधद्वारा प्रकट हुन्छ :

"हे जाती जाती हो रमाओ आफ्ना जनहरूसँग खुशी होओ । हे जाती हामी हो, उहाँको प्रजासँग रमाओ, किनकि उहाँले आफ्ना दासहरूका रगतको वदला लिनु हुनेछ । उहाँले आफ्ना शत्रुहरूमाथि साटो लिनु हुनेछ र आफ्नो देश र प्रजाको लागि प्रायश्चित गर्नुहुनेछ ।" (व्यवस्था ३२ : ४३) प्रकाशको पुस्तकमा पनि यसरी लेखेको पाउँदछौ "त्यसपछि मैले स्वर्गबाट एउटा ठूलो भिडले चर्को सोरमा भनिरहेको जस्तो सुने, "हल्लेलुयाह ! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन् । किनकि उहाँका इन्साफ सत्य र न्यायसंगत छन् । सारा पृथ्वीलाई आफ्नो व्यविचारले भ्रष्ट पार्ने त्यस महावेश्यालाई उहाँले दण्ड दिनुभएको छ । र उहाँका दासहरूका रगतको वदला लिइसक्नु भएको छ । तिनीहरूले फेरी एकचोटी उच्च सोरले भने हल्लेलुयाह ! त्यो महानगरी जलेको धुँवा सदासर्वदा मास्तिर गइरहन्छ ।" (प्रकाश १९ : १ - ३)

त्यसदिन सन्तहरूको रमाहट हुनेछ जब प्रभुले आफ्नो महिमालाई उच्च पार्नुहुनेछ । उहाँले भयङ्कर प्रभुत्व प्रयोग गर्नुहुनेछ । उहाँले न्यायको महिमा गर्नुहुनेछ र उहाँले घमण्ड गर्ने विद्रोहीलाई हटाउनुहुनेछ जसले उहाँलाई वदनाम गर्ने आँट गरेका छन् । "हे परमप्रभु तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु को खडा हुन सक्छ र ? (भजनसंग्रह १३० : ३) हामी प्रत्येकले यो प्रश्न सोध्न सक्छौ किनकि यो लेखिएको छ "यसकारण दृष्टहरू न्यायको दिनमा टिक्ने छैनन र पापीहरूले धर्मीहरूको सभामा स्थान पाउनेछैनन् ।" (भजनसंग्रह १:५) आफ्ना जनहरू आफूमाथि हुँदा उनहरूका पापलाई चिन्न लगाउँदै हिँड्ने विचारको साथ खीष्टले आत्मामा कति धेरै दुःख पाउनुभयो । मर्कूसले यसरी भन्दछन् "तब उहाँले पत्रुस, याकूब र यूहन्नालाई साथमा लैजानुभयो र उहाँ अत्यन्त विचलित र

ज्यादै खिन्न हुन लाग्नुभयो ।" (मर्कूस १४ :३३) उहाँलाई भयङ्कर पिडा र रक्तपात पूर्ण पसिना आएको थियो जब उहाँले एकदम कडासाथ चिच्याएर अन्तरविन्ति प्रार्थना गर्नुभएको थियो "हे परमेश्वर, हे परमेश्वर तपाईंले मलाई किन त्याग्नुभयो परमेश्वरले अधर्मलाई घृणा गर्नुहुन्छ भन्ने कुरा सबैलाई नै अवगत छ । परमेश्वरले मलाई किन त्याग्नुभयो ? हिब्रूको पुस्तकले पनि यसरी भन्दछ, "येशू आफ्नो शारिरीक जीवनमा हुनुहुँदा उहाँलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई उहाँले बढो क्रन्दन र आँसु सहित प्रार्थना चढाउनुभयो, अनि आफ्नो भक्तिपूर्ण समर्पणको कारणले उहाँको प्रार्थना र नम्र निवेदन सुनियो ।" (हिब्रू ५:७) परमप्रभु यति ठूलो कष्टमा हुदा पनि आफ्ना चेलाहरूलाई "जाग रहो । प्रार्थना गरिरहो" भन्ने सान्त्वना दिनु भयो । जब हामी हाम्रो मुक्तिदाताको चरणमा जान्छौ तब उहाँले हामीलाई आफ्नो शरणमा लिनुहुन्छ । उहाँले हामीलाई निरन्तर प्रार्थना लाग्नलाई प्रोत्साहन दिनुहुन्छ । यर्मियाले पनि यसरी भन्दछन् यदि तँ मानिसहरूप्रति दुगुरिस र तिनीहरूले तँलाई थकाए भने घोडाहरू सित तँ कसरी दगुर्न सक्छ र ? यदि सुरक्षित स्थानमा नै तँ लोटिस भने दर्द यर्दननेर का झाडीहरूमा तँ के गर्छस् ? " (यर्मिया १२ : ५)

परमेश्वरले गर्नुभएको कार्यलाई मानिस जातिले दुरूपयोग गरेका छन्, म विचार गर्दछु कि परमेश्वरले मानव जातिमाथी कति ठुलो उपकार गर्नुभएको छ । यदि एउटा राजाले आफ्नो सहरमा शत्रु बनाएको छ भने उसले कुनै किसिमको सत्रुता बनाउन चाहान्न तर उसले त्यसलाई सिध्याउनलाई कोशिस गर्दछ जहाँ उसले यो ठाउँलाई कब्जा गर्न, धेरै मानिसहरू परिचालन गर्दछ र राम्रोसँग त्यो सहर आफ्नो कब्जामा लिन चाहान्छ । त्यहाँका मानिसहरूलाई कसरी हुन्छ भोको राखेर अरू विभिन्न किसिमको दवाव दिएर आफ्नो बनाएर नै छोड्छ भने हाम्रो महान परमेश्वरले झन अझ बढी गरि के आफ्ना शत्रुहरूलाई विनाश तिर डोऱ्याउनु हुँदैन र ? उनीहरूलाई जंगली जनावरका साथ राखिदिनुहुन्छ । उहाँले हामीलाई श्राप दिनेलाई आशिष देउ भनेर सिकाउनु हुन्छ । जो आफैले खराब र अविस्वासीलाई भलाई गर्नुहुन्छ । तर पापीहरूले यो नसोचे पनि हुन्छ परमेश्वरको मील ढोलो चल्छ । अब उहाँको धैर्यता र इनाम अझ प्रसंसनीय हुन्छ उहाँको उत्पिडनबाट उत्पन्न हुने दोष झन डरलाग्दो हुन्छ । समुन्द्र भन्दा चौडा, आकाश भन्दा उच्च उहाँको प्रेम छ र उहाँको धैर्यता छ उहाँको क्रोध जातिको डरलाग्दो अरू केही छैन ।

त्यसो हो भने आउन लागेको क्रोधबाट भाग्नुहोस् । मत्तीको पुस्तकमा यूहन्नाले पनि यसो भन्दछन्, "तर फारिसीहरू र सदुसीहरू मध्ये धेरैजनालाई बतिस्मा लिन आइरहेको देखेर तिनले उनीहरूलाई भने सर्पका बच्चा हो आउन लागेका क्रोधबाट भाग्न कस्ले तिमीहरूलाई चेतावनी दियो ।" (मत्ती ३ :७) ढिलो हुन अघि नै हामीले उहाँलाई विनम्र निवेदन गर्दछौ कि आज हामी कहाँ छौ के आउन लागेको क्रोध देखि बच्नको लागि तयार छौ ? हामीले विचार गरौ र हाम्रो हृदयलाई आफैले जाचौं ।

प्रचारकहरूलाई वचन

भाइ हो के हामीले आफ्नो मौखिक सेवकाइमा हामीले गर्नुपर्ने जस्तो गरि केही हामी विचार गर्दछौ ? पुरानो करारमा भविष्यवक्ताहरूले आफ्ना श्रोताहरूलाई वारम्बार भन्थे उनीहरूको दुष्ट जीवनले इस्राएलका पवित्र जनलाई रिस उठाउँथ्यो र तिनीहरू क्रोधको दिनमा आफैमा क्रोधको मोल गर्थे र अब संसारको अवस्था त्यती राम्रो थिएन । लापरबाही गर्नेहरूलाई चेतावनी दिन र देखावटी गरेर मानिसहरूलाई भ्रममा पार्नहरूलाई जगाउन साथै उनीहरूको हृदयको खोजी गर्न उहाँ उठ्नु भयो । परमेश्वर हरेक दिन दुष्टहरूसँग क्रोधित हुनुहुन्छ भन्ने तथ्यलाई विस्तार गर्न भजन लेखकले भन्दछन् " परमेश्वर निष्पक्ष न्यायधीश हुनुहुन्छ : जब परमेश्वरले प्रतिदिन आफ्नो क्रोध व्यक्त गर्नुहुन्छ ।" (भजनसंग्रह ७ : ११) परमेश्वरका दुतले सेवाहरूलाई भन्दछन् आउन लागेको क्रोधबाट भाग्न चेतावनी देऊ । मुक्तिदाताले आफ्नो लेखा परिक्षकहरूलाई निषेध गर्नुभयो र भन्नुभयो "तर को देखि डराउनुपर्छ म तिनीहरूलाई चेतावनी दिनेछु: तिनैसँग डराउनुपर्दछ जससँग सरीरलाई मारेपछि नरकमा फालिदिने शक्ति छ ।" (लूका १२ : ५) प्रेरित पावलले भन्दछन् "यसकारण प्रभुको भय थाहा गरेर हामी मानिसहरूलाई मनाउछौं । तर हामी जे छौ परमेश्वरले जान्नुहुन्छ, र म आशा गर्दछु, त्यो तिमीहरूका विवेकमा पनि प्रष्टै होला ।" (२ कोरिन्थी ५ :११) हाम्रो विश्वासले यही माग गर्दछ कि हामी नरकको बारेमा पनि स्वर्गको बारेमा झैं स्पष्टसँग बोल्दछौ ।

नियमित बाइबल पढ्ने बानी बसालौं

के तपाईं कटनीको निम्ति खेताला हुनुहुन्छ ?

Are You A Labourer In The Harvest Field ?

By David Lindsey

March/April Issue 2020

बाइबल पढ्नेहरूलाई बाइबलीय सिद्धान्त र संसारमा चलिआएको सिद्धान्तको बारेमा थाहा हुन्छ । उनीहरूले यो बुझेका हुन्छन् कि वर्तमान संसार र अनन्तताको संसारको बारेमा परमेश्वरको अनुग्रह प्रकट भएको हुन्छ । तीतसको पुस्तकमा पावलले यसरी भन्दछन्,"जसले हामीलाई भक्तिहिनता र संसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ ।" (तीतस २: १२) खीष्टियनहरूलाई स्वर्गको नागरिकता दिइएको छ र परमेश्वरले खीष्टमा विश्वास गर्नेहरूलाई उहाँको सन्तान हुने अधिकार दिनुभएको छ । "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो ।" (यूहन्ना १ :१२) र हाम्रो लागि "स्वर्गमा तिमीहरूका निम्ति साँचिरहेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् ।" (१ पत्रुस १: ४) अनि उहाँले यो प्रतिज्ञा हाम्रो निम्ति गर्नुभएको छ, " परमेश्वर र हाम्रो प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ : उहाँको महान कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौ ।" (१ पत्रुस १ : ३) यी सबै परमेश्वरको प्रिय पुत्रको खातिर भएको हो । उहाँको प्रशस्त कृपाको कारणले येशूको पनुरुत्थानद्वारा हामी स्वर्गको नागरिकता पाएका छौ ।

येशूको रगत मुक्ति नपाएकाहरूका लागि यो वर्तमान संसार खुशीको एक मात्र आशा हो, तर विश्वासीको आशा आउनेवाला संसारमा छ । (१ कोरिन्थी १५) त्यसकारण ईसाइहरूको लागि आशा केन्द्रित छ र डर अस्थायी छ । तर अविश्वासीहरूको लागि डर केन्द्रित छ र आश अस्थायी छ ।

विश्वको ध्यान हाल कोभिड १९ महामारीले ओगटेको छ तर विश्वमा पर्ने समस्या यस भाइरसमा सीमित छैन । धेरै व्यक्ति, इसाई र गैर इसाईहरू, संसारको उथलपुथलबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पीडित छन् बेरोजगारी, गरिबी, प्रदूषण, बिमारी, पारिवारीक तनाव, विछोड, बेघर, व्यवसायमा अवरोध, सतावट र अन्य धेरै समस्याहरू । यी सबैले गोलमाल, डर र तनाब सिर्जना गर्दैछ ।

बाइबलले हामीलाई भन्दछ कि अन्तको समयका घटनाहरूको यस किसिमका अलमल्लमा पार्दछ र मानिसहरूले यसलाई बचाउनको निम्ति एक महान अगुवाको खोजी गर्नेछन् । अन्तको समयमा आफ्नो कुराकानीमा येशूले हामीलाई यसो भन्नुभएको थियो कि त्यहाँ युद्ध र रुढीका हल्लाहरू हुनेछन् सूर्य अँध्यारो हुनेछ, चन्द्रमाले आफ्नो चमक दिने छैन, ताराहरू आकाशबाट खस्नेछन् धेरै मानिसहरू मनै खीष्ट हु भनेर आउनेछन्, जातीको विरुद्धमा जाती र राज्यको विरुद्धमा राज्य उठ्नेछ, ठाउँठाउँमा अनिकाल र भूकम्प हुनेछ, एउटाले अर्कालाई विश्वासघात गर्नेछन्, झुटा अगमवक्ताहरू खडा हुनेछन् र जब हामीले यस्ता क्रियाकलापहरू यस संसारमा देख्नेछौ तब हामीले सम्झनुपर्छ कि खीष्टको दोस्रो आगमन नजिकै आएको छ । (मत्ती २४) संसारको अन्त नजिकै छ भन्ने हामीले यि क्रियाकलाप देख्दा पनि पुष्टि गर्न सक्दछौ।

इसाईहरूको वर्तमान समयलाई समझदारीको साथ सामना गर्न सक्छन् । पत्रुसले हामीलाई यसरी प्रोत्साहन दिदँछन् । "तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्छ ।" (१ पत्रुस १:६) शोक र दुःखको विचमा रमाउनु नै इसाईको उचित प्रतिक्रिया हो किनकि हाम्रो "विश्वास सुन भन्दा धेरै बहूमूल्य" हुनुको सत्यता परिक्षणको आगो द्वारा परिष्कृत भइरहेको छ किन ? "आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ । तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस् र येशू खीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस् ।" (१ पत्रुस १ : ७)

दुष्टलाई थाहा छ कि उसको समय छोटो छ । ऊ संसारबाट खीष्टको उपस्थिती हटाउनको लागि दोहोरो प्रयास गर्दैछ र यो उसले सकेसम्म गरिरहेको छ । उसका योजना हरू महा-संकटको रूपमा ७ वर्षसम्म चरमसिमासम्म पुग्नेछ । तर पनि उसको छायाले विश्वलाई छोड्ने छैन। ईसाइहरूलाई थोरै सतावट भएका देशहरूमा समेत दुष्टले मण्डलीहरू बन्ध गर्न र इसाईहरूलाई एक साथ भेला हुन रोक्ने व्यवस्थ

मिलाएको छ । दुष्ट अन्य विभिन्न माध्यमद्वारा असफल भएपनि विश्वव्यापी महामारीको माध्यमबाट सफल भएको छ ।

इसाईहरू बाइबलीय सन्देशप्रति जागा रहनु आवश्यक छ र सचेत हुनुपर्छ कि यो महामारी दुष्टको षडयन्त्र हो । रोग, बिमार र मृत्यु परमेश्वरको मौलिक सृष्टिको हिस्सा थिएन तर पतनको परिणाम हो । आउनुहोस्, दुष्टको यो संसारको म सहि प्रभाव हटाउन सफल हुन नदियौ । हामी अन्धकारमा बस्टौ तापनि हराएको संसारबाट परमेश्वरको हात, खुट्टा र मुख हुन बोलाइएका छौ । सम्पूर्ण विश्व एक मिशन क्षेत्र हो र तत्कालको आवश्यकता हो । सायद यस भनदा पहिले कहिल्यै बालीको खेत यति पाकेको थिएन । आवश्यकताहरू जतातै छन्, र यो हाम्रै अवसर हो कि हामी इसाईहरू मानिसहरूसमक्ष बत्तीहरू जस्तै चम्कौ जसरी खीष्ट आफैलाई थाहा छ खेती तयार भएको छ तर उहाँको अनुग्रहमा कटनी गर्न इच्छुक मजदुरहरूको अभाव छ त्यसैले प्रार्थना गरौ कि परमेश्वरले इच्छुक मजदुरहरू पठाउनुहुनेछ जो आफ्नै परिक्षणको बीचमा अरूको सेवा गर्न तयार छन् । "तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, फसल प्रशस्त छ तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेउन् ।" (मत्ती : ३७ - ३८)

हामीहरूलाई आउँदो जीवनको लागि खीष्टमा राख्ने आशाले हाम्रो जीवनमा कसरी आचरण गर्छ भनेर विचार गर्नुपर्छ । यस्ता कुरा हुनेछन् भनेर पवित्र आचरण र भक्ती हुनुपर्छ । "यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जिवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ ?" (२ पत्रुस ३ : ११) पवित्र धर्मशास्त्रबाट यसको उत्तर स्पष्ट छ: " एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिदछु: तिमीहरू एक अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक अर्कालाई त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक अर्कालाई प्रेम गर्यौ भने यसैबाट सबैले जान्नेछन् कि तिमीहरू मेरा चेलाहरू हो ।" (यूहन्ना १३ : ४ - ३५) "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरे, तिमीहरूले एक अर्कालाई त्यसरी नै प्रेम गर । म तिमीहरूलाई यो आज्ञा दिदछु कि तिमीहरूले एक अर्कालाई प्रमे गर ।" - यूहन्ना १५ :१२, १७) "भातृ-प्रेमसँग एक अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरूलाई आदर गर ।" (रोमी १२ :१०) "आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ । किनकी आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ ।" (रोमी १३ : ८) भाइ हो, तिमीहरू त स्वतन्त्रताको निम्ति बोलाइएका हौ । केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर । तर प्रेममा तिमीहरू एक-अर्काको सेवक बन किनभने समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ, तैले आफ्नो छिमेकीलाई आफूलाई झै प्रेम गर ।" -गलाती ५ : १३ - १४) "अन्त्यमा भाइहरू- प्रभु येशूमा हामी तिमीहरूलाई आग्रहपूर्ण बिन्ति गर्छौं र अर्ती दिन्छौ, कि तिमीहरूले कसरी जिउनु र परमेश्वरलाई प्रसन्न तुल्याउनुपर्छ भन्ने तिमीहरूले हामीबाट सिक्यौ र त्यसो गर्दै पनि छौ, त्यसैमा तिमीहरू झन् बढ्दै जाऔ ।" (१ थेसलो निकी ४१)" तर भाइहरूप्रतिका प्रेमको विषयमा कसैले तिमीहरूलाई लेख्न खाचो छैन, किनकि एउटाले अर्कालाई प्रेम गर्नु भन्ने तिमीहरू आफैले पनि परमेश्वरबाट शिक्षा पाएका छौ ।" (१ थेसलोनिकी ४ : ९) "तिमीहरूले सुरुदेखि नै सुनेको सन्देश यही हो हामीले एक अर्कालाई प्रेम गर्नुपर्छ ।" (१ यूहन्ना ३ : ११) "प्रिय हो हामी एउटा ले अर्कोलाई प्रेम गर्यौ किनभने प्रेम परमेश्वरबाट आउदा जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो र परमेश्वरलाई चिन्छ प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नु भएको हो भने, हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ । परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । यदि हामीले एउटाले अर्कोलाई प्रेम गर्यौ भने परमेश्वर हामीमा रहनुहुन्छ र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ । (१ यूहन्ना ४ : ७, ११ - १२)

हामी यो आदेश कसरी पूरा गर्न सक्छौ भन्ने बारे केही विचारहरू यहाँ छन् :

(१) "तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज तर अरूका हितलाई पनि हेर ।" (फिलिप्पी २ : ४) अहिले हामीले आफ्नो परिवारमा हेर्रै भने पनि जतासुकै आफ्नो हितका कामहरू गरेको देख्दछौ तर यो वाइवल अनुसारको होइन अरूको सेवा गर्नु भन्दा आफ्नै सेवा खोजीरहेका हुन्छन् । हामी आफैले आफ्नो मात्र हित खोज्नु र संसारको पछि लाग्नु धर्मशास्त्र अनुसार हुँदैन । हामी आफ्नो इच्छालाई मात्र जोगाई राख्नको निम्ति बोलाइएका होइनौ । हाम्रो सम्पतीलाई संसारमा नथुपार्न यसको सट्टामा हामीलाई स्वर्गमा धन थुपार्नलाई आज्ञा दिइएको छ । जसद्वारा खीष्टले यस संसारका थोकलाई

खोक्रो बनाउनुहुन्छ । आफ्नो खीष्टले यस संसारका थोकलाई खोक्रो बनाउनुहुन्छ । आफ्नो शित मान नभएर अरूको खोजी गर्नुभयो भने उहाँहरूले पछि खीष्टलाई पच्छाउन हुनेछ । येशूले भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ अनि आएर मपछि लाग ।" -मत्ती १९ : २१)

(२) हामी एउटाले अर्कोलाई प्रेम र असलकामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौ । कति जनाको संगतिमा नजाने बानी हुन्छ, तर हामी चाहि एक साथ भेला हुन नछोडौ । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कोलाई झन प्रोत्साहन देओ ।" (हिब्रू १० : २४ - २५) यो समयमा अनलाइनमा संगती गर्नु असल छ र तर एक पटक हाम्रो क्षेत्रमा प्रतिबन्ध हटाइयो भने यो निश्चित गर्नुहोस् कि हामीले अनुहारमा एकले अर्कालाई भेट्ने प्रत्येक अवसरको फाइदा लिनुपर्छ । परमेश्वरले मानिसलाई उहाँसगको सम्बन्धको निम्ति सृष्टि गर्नुभयो, यद्यपि उहाँसग मात्र होइन । वास्तवमा उहाँसँगै तर अन्य इसाईहरूसँग पनि सम्बन्ध राख्नु पर्छ । एक अर्काको सम्बन्ध बिना इसाईहरू स्वस्थ जिवन जिउन सक्दैनन् । परमेश्वरले हामीलाई एक अर्कासँग भेट गर्नको लागी विशेष अनुग्रह प्रदान गर्नुहुन्छ । यदि हामी आफूले आफैलाई आत्माले भरिएका विश्वासीहरूसँगको संगतिबाट बन्चित गर्छौ भने हामी स्वस्त र आध्यात्मिक जिउनको आशा गर्न सक्दैनौ । हामी असल संगतिको लागी सृजना गरिएको होइनौ भन्दा हुन्छ । हामी सांसारिक मान्छे जस्तै हुन सक्छौ । तर एक अर्काको जिवन बाड्ने एक अर्कालाई सहयोग गर्न, एक अर्काको बोझ बहन गर्न एक अर्कालाई प्रोत्साहन गर्नलाई हामी बनिएका हौ । समुदायको प्रभाव यो हो कि यसले सेवाको निम्ति अवसर प्रदान गर्दछ । एक अर्कालाई र हाम्रा वरिपरिका संसारलाई राम्रोसँग काम गर्नलाई व्यक्तिगत रूपमा विकास गर्नलाई सहायता र्ग साथै अरूसँगको संगतिमा परमेश्वरको उपासना गर्ने र संसारको सेवा गर्न उत्साह दिन्छ ।

(३) "अन्य जातिहरूका बीचमा तिमीहरूको चालचलन असले होसा कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूको विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल काम देख्नु र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरुन् ।" (१ पत्रुस २ : १२) खीष्टको नाम लिनु भनेको खीष्ट सँग डराउनु र खराबीबाट अलग रहनु हो । "आफ्नै नजरमा बुद्धिमानी नहोओ परमप्रभुको भयमान र दुष्कर्मलाई त्याग ।" (हितो पदेश ३ : ७) सबै कुर्कम सबै छलकपट सबै ईर्ष्या सबै बोलिलाई त्याग्नु पर्छ । पत्रुसको पुस्तकमा यसरी भन्दछ, "यसकारण सबै दुष्टता, सबै छलकपट र ईर्ष्या सबै निन्दाहरूलाई त्याग (१ पत्रुस २ : १) यदि हामी पवित्र व्यक्तिगत आचरणबाट अलग भयौ भने हाम्रो गवाही कमजोर हुनेछ र खीष्टको नाम को अनादर हुनेछ ।

(४) "अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गरौ ।" (१ पत्रुस १ : २२) "किनकी यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू खीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुन देखि बचाउनेछन् ।" (२ पत्रुस १)

यदि हामीले विश्वासमा यी कुराहरू गर्‍यौ भने परमेश्वरले हामीलाई त्यसै ठाउँमा उहाँको महिमाको निम्ति चलाउनुहुन्छ । यदि हामीले खीष्टको आज्ञालाई मानेर उहाँमा असल प्रकारले सेवा गर्‍यो भने उहाँले हामीलाई गर्नुभएको प्रतिज्ञा पूरा गर्नु हुनेछ । त्यसैले आउनुहोस हामी सबै जना खीष्टमा विश्वास गर्‍यौ र उहाँमा भरोसा राखौ । उहाँले हाम्रो निम्ति गर्छु भन्नुभएको सबै काम, गर्नुहुनेछ । येशूले यसो भन्नुहुन्छ, "यदि तिमीहरूले एक अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछनु कि तिमीहरू मेरा चेलाहरू हौं ।" (यूहन्ना १३ : ३५)

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com